प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्या: २०७६/०७७
चलानी नं.: —

मिति: २०७६/०४/१२

**विषय: अ.न.मी/अ.हे.व. अध्ययनको लागि छात्रवृत्ति सम्बन्धि सूचना।**

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ ले आ.व. २०७६।०७७ को वार्षिक कार्यक्रममा मुस्लिम, सीमान्तकृत, तथा अल्पसंख्यक समुदायका ४० (चालिस ) जना छात्राहरुलाई अ.न.मी./अ.हे.व. पढ्न छात्रवृतिको व्यवस्था गरेकोले यस प्रदेशमा स्थायी बसोबास गरी यहि प्रदेश भित्रका शैक्षिक संस्थामा अध्ययन गर्न ईच्छुक एस.ई.ई. उत्तीर्ण छात्राहरुले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सञ्चालन भएको प्रवेस परीक्षा उत्तीर्ण गरेको प्रमाण सहित अध्ययन गर्न चाहेको सम्बन्धित शैक्षिक संस्थामा भर्ना हुनु भन्दा अघि तपसिल बमोजिमका कागजात सहित यस मन्त्रालय वा शिक्षा विकास निर्देशनालयमा निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

<u>संलग्न कागजातहरु</u>

१) प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र
२) स्थानीय तहमा स्थायी बसोवास गरेको सम्बन्धित स्थानीय तहको सिफारिस
३) मुस्लिम, सीमान्तकृत, तथा अल्पसंख्यक समुदाय कुन हो सो सम्बन्धित स्थानीय तहको सिफारिस
४) एस.ई.ई. उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक पत्रको प्रतिलिपि

(हरिलाल अर्याल)
शाखा अधिकृत
सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. ५, बुटवल

Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650